नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड ६, संख्याः १७, फाल्गुण ३० गते, २०७९ साल**

सिद्धलेक गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग २

# नमुना पशुपन्छी खोरगोठ निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७९

गाउँकार्यपालिका बाट स्वीकृत मितिः २०७९।११।२९

**प्रस्तावना :**सिद्धलेक गाउँपालिका क्षेत्रको निर्वाहमुखीबाट विस्तारित व्यवसायकरण हुँदै गईरहेको अवस्थामा यस पशु क्षेत्रमा लगानी विस्तार गरी समग्र व्यवसायलाई नै प्रतिस्पर्धी बनाउन आवश्यक छ । पशुस्तुको उत्पादन गर्न पशुपन्छी गोठ खोर निर्माण कार्यक्रम सञ्चालन गर्न कम्तिमा माउ गाई/भैसी कम्तिमा ५ वटा मा हुनुपर्नेछ, माउबाखा कम्तिमा १५ वटा हुनुपर्ने छ । **लोकल**कुखुरा **२००** वटा हुनु पर्नेछ । त्यसका लागि ५० प्रतिशत अनुदान दिने कार्यक्रम रहेकाले यसरी प्रदान गरिने अनुदान बढी प्रभावकारी बनाई लक्षित वर्ग सम्म पुऱ्याउनका लागि वाञ्छनीय भएकाले सिद्धलेक गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७४ को दफा ४ बमोजिम कार्यपालिकाले यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम **नमुना पशुपन्छी खोर/गोठ निर्माणकार्यक्रम कार्यान्वयन कार्यविधि,** २०७९रहनेछ ।

ख) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा बिषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

क) **"कार्यालय"** भन्नाले सिद्धलेक गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ख) **"अध्यक्ष"** भन्नाले सिद्धलेक गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ग) **"उपाध्यक्ष"** भन्नाले सिद्धलेक गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सिद्धलेक गाउँपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ङ) **"कार्यपालिका"** भन्नाले गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

च) **"गाउँपालिका"** भन्नाले सिद्धलेक गाउँपालिकालाई सम्झनु पर्दछ ।

छ) **"वडा"** भन्नाले गाउँपालिकाको वडाहरुलाई सम्झनु पर्दछ ।

ज) **"वडा कार्यालय"** भन्नाले सिद्धलेक गाउँपालिकाको वडा कार्यालयका कार्यालयहरुलाई सम्झनु पर्दछ ।

झ) **"विषयगत शाखा"** भन्नाले सिद्धलेक गाउँपालिकाको पशु सेवा शाखालाई सम्झनु पर्दछ।

ञ) **"कार्यक्रम"** भन्नाले सिद्धलेक गाउँपालिकाबाट स्वीकृत पशु सेवा शाखाको कार्यक्रमलाई सम्झनु पर्दछ ।

ट) **"अनुदान"** भन्नाले यस कार्यविधि अन्तर्गतका कृषकलाई दिने अनुदान सम्झनु पर्दछ ।

ठ) **"कार्यविधि"** भन्नाले पशुपन्छीको खोर/गोठ निर्माणकार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ लाई सम्झनु पर्दछ ।

ङ) **"शाखा प्रमुख"** भन्नाले सिद्धलेक गाउँपालिकाको पशु सेवा शाखा हर्ने प्रमुखलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२
## उद्देश्य

**३. यस कार्यविधिका उद्देश्य देहाय बमोजिम हुनेछन् ।**

१) यस गाउँपालिकालाई गाउँस्तरबाट संचालन हुने पशु सेवा अन्तर्गतका कार्यक्रमहरुलाई मार्ग दर्शन प्रदान गर्ने ।
२) यस गाउँपालिकाका निम्न वर्गिय कृषकलाई आफैं स्वस्थ पशुजन्य उत्पादन गरी सन्तुलित आहार, स्वस्थ जीवन जिउन प्रेरणा प्रदान गर्न ।
३) आय आर्जन वृद्धि गर्न ।
४) आत्मनिर्भर बनाउने ।
५) आधुनिक किसिमले पशुपालन गर्न ।
६) व्यवसायी र स्वरोजगारका साथै रोजगारी सृजना गर्न ।
७) पशुजन्य उपजको आयतमा कम गर्दै निर्यात वृद्धि गर्न ।
८) यस गाउँपालिकालाई पर्यटन विकासमा जोड्दै उत्पादन पकेट क्षेत्रका रुपमा स्थापित गर्न ।
९) युवाहरुलाई पशुपालन क्षेत्रमा आकर्षित गर्न ।
१०) वार्षिक आय ६०,०००।०० (अक्षरुपी साठ्ठी हजार रुपैंया मात्र) भन्दा कम आय भएका किसानहरुको आय श्रोत वृद्धि गर्न ।

## परिच्छेद-३
## संस्थागत व्यवस्था

**४. प्राविधिक समिति तथा अनुगमन समिति सम्बन्धी व्यवस्था :**

| | |
|---|---|
| आर्थिक विकास समिति संयोजक | संयोजक |
| आर्थिक विकास समिति संयोजकले तोकेको प्राविधिक | सदस्य |
| सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको व्यक्ति | सदस्य |
| पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

**५. अनुगमन तथा मुल्याङ्कन :** यस कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन सिद्धलेक गाउँ कार्यपालिकाको पशु सेवा शाखाले आवश्यकता अनुसार गर्न सक्ने छन् ।

**६. अनुगमन तथा मुल्याङ्कनका आधारहरु तपशिल बमोजिम हुनेछ ।**

क) कार्य योजना
ख) व्यवसायको सम्भाव्यता र उपयुक्तता
ग) निवेदकले पालिरहेका पशु वस्तुहरुको संख्या
घ) गोठ खोरको अवस्था

ङ) घाँसको उपलब्धता र जग्गाको उपलब्धता

च) जैविक सुरक्षाको अवस्था र भावी सुरक्षा

छ) सामाजिक परिवेश

ज) श्रोत साधनको पर्याप्तता

झ) बजारको पहँच

## परिच्छेद-४
## छनौट समिति

**७. अनुदान कार्यक्रम संचालनका तथा वितरणका लागि निम्न बमोजिमको ६ सदस्यीय छनौट समिति रहनेछ ।**

क) गाउँपालिका अध्यक्ष वा निजले तोकेको पदाधिकारी — संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

ग) सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकिएको व्यक्ति — सदस्य

घ) पशु सेवा शाखाले तोकेको व्यक्ति — सदस्य

ङ) पशु सेवा शाखा प्रमुख — सदस्य सचिव

यस समितिले काम गर्दा आवश्यक विधि, प्रकृया मापदण्ड अवलम्बन गरी तथा कार्यविधिले निर्देशन गरे बमोजिम काम गर्नुपर्नेछ । दोहोरो सुविधा (अनुदान) एकै व्यक्ति वा समुहलाई दिईने छैन । कुनै सरकारी निकायबाट अनुदान लिएको भएमा कम्तिमा २ वर्ष कटेको हुनु पर्नेछ । साथै यस अघि कार्यक्रम संचालन गर्दाको आचरण हेरेर मात्र मानासिव भएमा मात्र अनुदान प्रदान गरिनेछ ।

## परिच्छेद-५
## कार्यक्रम संचालन प्रकृया

**८. यस कार्यविधिका कार्यक्रम संचालन प्रकृया देहाय बमोजिम हुनेछन् ।**

**तपशिल :**

| क्र.स | संचालन गरिने कार्यक्रम | प्रति इकाई अनुदान रु. हजारमा | अनुदानको किसिम | कृषकको लगानी रकम रु. | जम्मा लगानी |
|---|---|---|---|---|---|
| १. | फार्म निर्माण बाखामा | ७०,०००।- सत्तरी हजार | ५० प्रतिशतमा नबढ्ने गरी | ७०,०००।-सत्तरी हजार | १,४०,०००।-एक लाख चालिस हजार |
| २. | फार्म निर्माणकुखुरामा | ७०,०००।- सत्तरी हजार | ५० प्रतिशतमा नबढ्ने गरी | ७०,०००।-सत्तरी हजारर | १,४०,०००।-एक लाख चालिस हजार |
| ३. | फार्म निर्माणगाई/भैसीमा | ७०,०००।- सत्तरी हजार | ५० प्रतिशतमा नबढ्ने गरी | ७०,०००।-सत्तरी हजार | १,४०,०००।-एक लाख चालिस हजार |

**नोट :**

क) गाई/भैसी कम्तिमा ५ वटा माउ हुनुपर्नेछ ।

ख) माऊ बाख्रा कम्तिमा १५वटा हुनु पर्नेछ ।

ग) लोकल कुखुरा **२००** वटा तथा उन्नत जातको कुखुरो **५००** हुनुपर्नेछ ।

घ) तरकारी खेती तथा घाँस खेती अनिवार्य गरेको हुनु पर्नेछ ।

ङ) अनुदान संख्या प्रविधिक तथा अनुगमन समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**९. प्रस्ताव आह्वान :** यो कार्यक्रममा सहभागी हुन ईच्छुक साझेदार समुह/समिति/सहकारी/नीजी उद्यमीलाई १५ दिनको समय अवधी दिई अनुसुची - १ बमोजिम कार्यालयले सूचना प्रकाशन गर्नेछ ।

**१०. प्रस्ताव दर्ता :** यो कार्यक्रममा सहभागी हुन ईच्छुक साझेदार समुह/समिति/सहकारी/नीजी उद्यमीले दफा ९ बमोजिमको समय अवधि भित्र अनुसुची -२ बमोजिम आवेदन, अनुसुची -३ बमोजिम लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र र अनुसुची -४ बमोजिम प्राविधिक तथा आर्थिक प्रस्ताव-पत्रका साथ कार्यालयमा प्रस्ताव दर्ता गर्नेछ ।

**११. साझेदार समुह/ समिति/ सहकारी/ निजी उद्यमीको छनौट** :साझेदार समुह/समिति/सहकारी/नीजी उद्यमी छनौट प्रक्रिया देहाय बमोजिम हुनेछ ।

क) मुल्याङ्कन समितिले मुल्याङ्कनका आधार/मापदण्डहरु तयार गरी प्रस्तावको मुल्याङ्कन गर्नु पर्नेछ ।

ख) मुल्याङ्कन समितिलाई आवश्यक लागेमा स्थलगत प्रमाणीकरण समेत गर्न सकिनेछ ।

ग) आवेदक संस्थाको प्रस्ताव छनौट बारेमा उजुरी गर्न ३ दिनको समय तोकिनेछ ।

**१२. प्रस्तावकलाई जानकारी** :छनौट भएको साझेदारसमुह/समिति/सहकारी/नीजी उद्यमीलाई कार्यालयले निर्णय मितिले ३ दिनभित्र जानकारी दिनेछ ।

**१३. सम्झौता :** प्रस्ताव स्वीकृत भएका साझेदारसमुह/समिति/सहकारी/नीजी उद्यमीले जानकारी प्राप्त गरेको ७ दिनभित्र अनुसुची - ५ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

## परिच्छेद-५
## कार्यक्रम संचालनको आर्थिक पक्ष

१४. अनुदान वितरण कार्यक्रम संचालन गर्नसमुह/समिति/सहकारी/नीजी उद्यमीद्वारा पेश भएको कार्ययोजना र आवश्यक न्यूनतम क्रियाकलापहरु समेटिने गरी सम्झौतामा उललेख गरिनेछ । सोही बमोजिम साझेदार संस्थाले तोकिएको समय भित्र सम्झौतामा उल्लेख भए अनुसार कार्यक्रम गर्नु पर्नेछ ।

१५. सम्बन्धित साझेदार पक्षले आफ्नो तर्फको लगानीबाट सम्झौता अनुसारका कार्य सम्पन्न गरी विल/भरपाई, कार्य सम्पन्न प्रतिवेदन र वा रनिङ विल तथा अन्य आवश्यक कागजातहरु सहित भुक्तानीका लागि अनुरोध गरेपश्चात् यस कार्यालयले स्थलगत निरीक्षण गरी मनासिब देखेमा अनुदानको ३ प्रतिशत बराबर रकम कन्टिन्जेन्सी कट्टा गरी साझेदार पक्षको बैंक खाता मार्फत भुक्तानी दिनेछ । शाखाल`कन्टिन्जेन्सी कट्टा वापतको रकम भ्रमण खर्च, बैठक भत्ता, तालिम, प्रतिवेदन लेखन छपाई, बुलेटिन छपाई लिफेट र बुकफेट छपाई तथा अन्य प्रशासनिक कार्यको लागि खर्च गर्नेछ ।

१६. कार्यक्रमको लेखा, लेखा परिक्षण तथा आर्थिक कारोवर यस गाउँपालिकाको आर्थिक ऐन/ नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गरिनेछ ।

१७. अनुदान रकमको दुरुपयोग गरेमा तथा सम्झौता बमोजिम कार्य नगरेमा, प्रचलित ऐन/ नियम बमोजिम सरकारी बाकी/बक्यौता सरह असुल उपर गरिनेछ ।

## परिच्छेद-५
## विविध

**१८. बाधा अड्काउ फुकाउ सम्वन्धी व्यवस्था :** यस कार्यविधि कार्यान्वयनमा कुनै किसिमको बाधा अवरोध आएमा वा थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ ।

**१९. कारवाहीको व्यवस्था :**

१ सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई कार्यालयले अनुदान रोक्का गर्नेछ ।

२. साझेदार संस्थाले सम्झैता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा त्यस्ता संस्थाबाट १५ प्रतिशत जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

सिद्धलेक गाउँपालिका

**अनुसूची-१**
**(दफा ९ सँग सम्बन्धित)**
**प्रस्ताव आह्वानको सूचना**

आर्थिक वर्ष २०..... / को.................................................................स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यक्रम रहेकोले कार्यान्वनमा सहभागी हुन इच्छुक साझेदार संस्थाबाट प्रस्ताव माग गर्न यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित मितिले १५ दिनभित्र अनुसुची -२ बमोजिम आवेदन पत्र, अनुसुची -३ बमोजिम लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र र अनुसुची -४ बमोजिम प्राविधिक तथा आर्थिक प्रस्ताव पत्रका साथ आवश्यक कागजातहरु संलग्न गरी सिद्धलेक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पशु सेवा शाखा पेश गर्नु हुन सुचित गरिन्छ । साथै रित नपुगी दर्ता भएका प्रस्तावहरु छनौट प्रक्रियामा समावेश गरिने छैन ।

**तपशिल :**

| **क.स** | **संचालन गरिने कार्यक्रम** | **प्रति इकाई अनुदान रु. हजारमा** | **अनुदानको किसिम** | **कृषकको लगानी रकम रु.** | **जम्मा लगानी** |
|---|---|---|---|---|---|
| १. | फार्म निर्माण बाखामा | ७०,००० सत्तरी हजार | ५० प्रतिशतमा नबढ्ने गरी | ७०,००० सत्तरी हजार | १,४०,००० एक लाख चालिस हजार |
| २. | फार्म निर्माण कुखुरामा | ७०,०००।सत्तरी हजार | ५० प्रतिशतमा नबढ्ने गरी | ७०,००० सत्तरी हजार | १४०,००० एक लाख चालिस हजार |
| ३. | फार्म निर्माण गाई/भैसीमा | ७०,०००।सत्तरी हजार | ५० प्रतिशतमा नबढ्ने गरी | ७०,००० सत्तरी हजार | १४०,००० एक लाख चालिस हजार |

प्रमुख प्रशासकीय अधिकृत

सिद्धलेक गाउँपालिका

अनुसुची -२
[ दफा १० सग सम्बन्धित ]
आवेदन-पत्र

मिति :

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु,
सिद्धलेक गाउँपालिका¸ धादिङ ।

विषय : अनुदान सहयेग उपलब्ध गराई दिने बारे ।

महोदय,

प्रस्तुत विषयमा मिति ...................................गते गाउँपालिकाको सूचना अनुसार दरखास्त माग भए बमोजिम ..................................................कार्यक्रममा सहभागी हुने चाहना भएकोले निम्नानुसार कागजात राखी निवेदन पेश गरेको छु । अनुदान सहयोग प्राप्त भएमा शर्त अनुसार सम्बन्धित गाउँपालिकाभित्रै रही कार्य गर्ने प्रतिवद्धता समेत जाहेर गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

तपसिल :

१. रु.१० (दश)को हुलाक टिकट
२. कृषक समुह /सहकारी /निजी क्षेत्रको दर्ता प्रमाण -पत्र
३. अन्य प्रमाणित पत्रहरु {तालिम, शैक्षिक योग्यता आदि }
४. लिजमा लिएको जग्गाको हकमा ५ वर्षको करारनामा सहित द्विपक्षीय सम्झौता,
५. समूह सहकारी भएको हकमा बैठक निर्णयको प्रतिलिपि
६. सम्बन्धित वडा कार्यालयको सिफारिस
७. अन्य सरकारी निकायबाट विगत २ वर्षको अवधिमा कुनैपनि अनुदान नलिएको स्वः घोषणापत्र ।
८. अनुसुचि -३ बमोजिम लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र र अनुसुचि ४ बमोजिम प्राविधिक तथा आर्थिक प्रस्ताव पत्र ।

आवेदकको
नाम :
पद:
दस्तखत :
मिति :
संस्थाको छाप :

सिद्धलेक गाउँपालिका

अनुसुची -३

[ दफा १० सग सम्बन्धित ]

लागत साझेदारी गर्ने प्रतिवदता -पत्र

मिति :

श्रीमान् प्रमुख प्रशासकीय ज्यु,
सिद्धलेक गाउँपालिका धादिङ ।

विषय : लागत साझेदारी गर्ने प्रतिवद्धता सम्बन्धमा ।

महोदय,

तहाँ कार्यालयको मिति ……………………………….गते ………..……..मा साझेदार संस्थासगको लागत साझेदारीमा ………………………………………………..कार्यक्रममा अनुदान वितरण कार्यक्रम सम्वन्धी प्रस्ताव आह्वान गरिए अनुसार हाम्रो कृषक समुह/ समिति/ निजि/ सहकारी सस्थाले कार्यक्रम कार्यान्वियनका लागि प्रस्तावित कुल लागत रु …………………………..अनुदान प्राप्त हुने भएकोले नपुग रकम रु ………………………..…….[अक्षरुपी रुपैयाँ …………..………………………….. मात्र] हाम्रो सस्थाकै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कृषक समुह/ समिति/ निजि/सहकारी सस्था सञ्चालक समितिको निर्णय भएको हुँदा लागत साझेदारी गर्ने प्रतिवद्धता जाहेरी गर्दछु /गर्दछौँ ।

जिम्मेवार पदाधिकारी

नाम :

पद:

दस्तखत :

मिति :

सस्थाको छाप :

सिद्धलेक गाउँपालिका

अनुसुची -४

[दफा १० सग सम्बन्धित ]

## प्राविधिक तथा आर्थिक प्रस्ताव -पत्र

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क) प्राविधिक प्रस्ताव : | | | | | | |
| १ | प्रस्तावित कार्यक्रमको नाम | | | | | |
| २ | कार्यक्रम कार्यान्वियन हुने स्थानको ठेगाना | | | | | |
| ३ | आवेदकको नाम | | | | | |
| ४ | आवेदकको ठेगाना | | | | | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन न. मोबाइल न. | | | | | |
| ६ | सस्था दर्ता नम्बर | | | | | |
| ७ | दर्ता भएको निकाय र दर्ता वा दर्ता मिति | | | | | |
| ८ | दर्ता भएको निकाय र दर्ता वा स्थापना पश्चातको अवधी (वर्षमा) | | | | | |
| ९ | भ्याट पान दर्ता नम्बर | | | | | |
| १० | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | | | | | |
| ११ | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु. | | | | | |
| १२ | माग गरेको अनुदान रकम रु. | | | | | |
| १३ | प्रस्तावित कार्यक्रमको उद्देश्य | | | | | |
| १३.१ | | | | | | |
| १३.२ | | | | | | |
| १३.३ | | | | | | |
| १४ | प्रस्तावित कार्यक्रम कार्यान्वियन स्थलमा विद्यमान भौतिक पुर्वाधारहरु | | | | | |
| १४.१ | सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | | | |
| १४.२ | कस्तो सडक छ (कच्चि /पक्कि) | | बजार सम्मको दुरी (कि.मी) | | | |
| १४.३ | बिजुलीको सुविधा (छ/छैन) | | सदरमुकाम देखिको दुरी(कि.मी) | | | |
| १४.४ | खानेपानीके सुविधा (छ/छैन) | | जग्गाको स्वामित्व (आफ्नै लिजमा सेयर होल्डर प्रोपराइटर) | | | |
| १५ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको सख्या : | | | | | |
| १६ | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको सख्या) | पुरुष | महिला | दलित | जनजाती | अन्य |
| | | | | | | |
| १७ | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य हुने भए तिनको नाम र सहकार्य हुने रकम खुलाउने : | | | | | |
| १८ | प्रस्तावित कार्यक्रममा सलग्न निकायहरुके नाम र ठेगाना | | | | | साझेदारी हुने रकम रु. |

| | | | |
|---|---|---|---|
| १८.१ | | | |
| १८.२ | | | |
| १९ | प्रस्तावकले विगत वर्षमा सम्पन्न गरेका सोही ठाउँमा वा अन्यत्र उल्लेखनीय कार्यहरु (प्रस्तावित कार्यक्रमसँग मेलखाने मात्र) | | |
| १९.१ | | | |
| १९.२ | | | |
| २० | प्रस्तावकले बिगत वर्षमा सम्पन्न गरेका सोही ठाँउमा वा अन्यत्र उल्लेखनीय कार्यहरु (प्रस्तावित कार्यक्रमसँग मेलखाने मात्र ) | | |
| २०.१ | | | |
| २०.२ | | | |
| २०.३ | | | |
| २१ | प्रस्तावित कार्यक्रमले सृजना गर्ने थप रोजगारी संख्या | | |

ख) आर्थिक प्रस्ताव

प्रस्तावमा उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरण :

| क्र.स. | मुख्य-मुख्य कृयाकलापहरु | इकाइ | परिमाण | दर | कुल लागत | प्रस्तावकको योगदान रु | कार्यालयबाट अनुदान रु. | प्रस्तावकको योगदानको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |

<table>
<tr><td>जम्मा रकम रु.</td><td></td><td></td><td></td><td colspan="4"></td></tr>
<tr><td>VAT रकम रु.</td><td></td><td></td><td></td><td colspan="4"></td></tr>
<tr><td>कुल जम्मा रकम रु.</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="8">उल्लेखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छु/छौन । कहीं कतै झुठा ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत गराउदछु/छौ ।</td></tr>
</table>

| | |
|---|---|
| नाम : | |
| पद : | |
| हस्ताक्षर : | |
| मिति : | |
| सस्थाको छाप : | |

सिद्धलेक गाउँपालिका

अनुसुची -५

# स्व-घोषणा पत्र

श्रीमान कार्यालय प्रमुख ज्यू

सिद्धलेक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यलय

बुङचुङ,धादिङ

तहाँ कार्यलयको मिति २०..../ / गते प्रकाशित सूचना अनुसार,....................स्थित.........................ले. ................................ कार्यक्रम प्रस्ताव पेश गरेको हुँदा तपशिलका बुँदाहरुमा प्रतिवद्धता व्यक्त गर्दछु/छौं यदि यस स्व-घोषणामा केहि झुठ पाइएमा प्रचलित कानून बमोजिम सजाएको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौं।

तपशील:

१) यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै पनि प्रतिकुल असर गर्ने छैन।

२) कुनै पनि वित्तिय संस्था वा सरकारी निकायको कालो सूचिमा परेको छैन।

३) बिगत २ वर्ष यता कुनै पनि सरकारी निकायबाट अनुदान रकम लिएको छैन।

वा

२ (दुई) लाख भन्दा कम रकम बराबरको अनुदान प्राप्त गरेको भएमा,

वषगत २ वर्ष यता (आ.व २०...........)...................सरकारी निकायबाट.......... रकम बराबर अनुदान रकम लिएको र सो रकम...............काममा खर्च गरी सदुपयोग गरेको छु/छौ

औंठा छाप

| दाँया | बाँया |
|---|---|
| | |

आवेदकको नामः

पदः

ठेगानाः

संस्थाको नामः

संस्थाको छापः

सम्पर्क नं. :

सिद्धलेक गाउँपालिका

अनुसुची -६

[ दफा १३ सँग सम्बन्धित ]

द्विपक्षीय सम्झौता- पत्र

सिद्धलेक गाउँपालिका धादिङको...................................आ.ब................को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत साझेदारीमा.........................................कार्यक्रममा कृषक समूह समिति सहकारी निजि व्यवसायीसँगको लागत साझेदारीमा सञ्चालन गर्ने सम्बन्धी मिति..............गतेको सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्य श्री...................को प्रस्ताव छनौट भएको हुँदा सिद्धलेक गाउँपालिका धादिङ.........................यसपछि प्रथम पक्ष भनिने र श्री.....................यसपछि दोस्रो पक्ष भनिने बीच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी कार्यक्रम सँचालनको लागि द्विपक्षीय सम्झौता गरी बुझिलियौँ /दियौँ ।

तपसिल

१. प्रथम पक्षले...........................................कार्यक्रम सञ्चालन सम्बन्धी कार्यक्रमको लागि कुल लागत रु...................मध्येको तीन प्रतिशत कन्टिन्जेन्सी कट्टा गरि दोस्रो पक्षलाई रु............................अक्षरुपी......................................................अनुदान सामग्री प्रदान गर्नेछ ।

२. दोश्रो पक्षले आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट प्यान बिल, दाखिला प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा मनासिव ठहरे दुई किस्तामा वा दोश्रो पक्षले सम्पुर्ण कार्य आफ्नै लगानीमा सम्पन्न गरेमा एकै किस्तामा समेत अनुदान रकमको भुक्तानी प्रथम पक्षले बैङ्क खाता मार्फत गर्नेछ ।

३. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र अनुसारको डिजाईन ईष्टिमेट र सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ ।

४. प्रथम पक्षले कुनै पनि बखत सँचालित कार्यको अनुगमन निरीक्षण गरी सम्झौता मुताविक कार्य भए नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

५. दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्न पर्नेछ ।

६. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन मर्मत सम्भार व्यवस्थापन जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

७. दोस्रो पक्षले नियमित रुपमा कार्यक्रमको मासिक प्रगति उपलब्धी एवँ कारोबार सम्बन्धी विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

८. दोश्रो पक्षले सम्झौता अनुरुप कार्यक्रम नगरेमा प्रथम पक्षले अनुदान रोक्का गर्न सक्नेछ ।

९. दोश्रो पक्षले कार्यक्रम अधुरो छाडी अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रथम पक्षले अनुदान रकम प्रचलित ऐन, नियम बमोजिम सरकारी बाँकी बक्यौता सरह असुल उपर गर्नेछ ।

१०. कार्यक्रम सञ्चालनका दौरानमा कुनै विषय हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

११. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानुन अनुसार हुनेछ ।

<u>दोस्रो पक्षको तर्फबाट</u>

हस्ताक्षर :

नाम:

पद :

संस्था:

सस्थाको छाप:

<u>प्रथम पक्षको तर्फबाट</u>

हस्ताक्षर:

नाम:

पद:

कार्यालय:

कार्यालयको छाप:

<u>रोहबर</u>

हस्ताक्षर :

नाम:

पद :

संस्था:

सस्थाको छाप:

हस्ताक्षर:

नाम:

पद:

कार्यालय:

कार्यालयको छाप:

इति सम्वत्.................साल................महिना.......गते रोज..........शुभम् ।

सिद्धलेक गाउँपालिका

अनुसुची-७
सिद्धलेक गाउँपालिका धादिङ
मिति :

आ.ब. २०..... /०......

**फिल्ड अनुगमन फर्म**

१. आवेदकको नाम .

२. ठेगाना सम्पर्क व्यक्तिको नाम र ठेगाना

३. माग गरिएको कार्यक्रम

४. क) दलित (ख) पिछडा वर्ग (ग) जनजाती सख्या (घ) अन्य (ङ) महिला (च) पुरुष (छ) कुल जम्मा

५. लाभान्वित सख्या

६. वातावरणीय उपयुक्तता

७. वातावरणीय प्रभाव आंकलन गरिएको नगरिएको

८. वातावरणीय प्रभाव न्युनिकरणका उपायहरु सामेल गरिएको नगरिएको

९. व्यवसाय गरेको स्थान

१०. अनुभव वा तालिम

११. आवेदकले हाल गरिरहेको व्यवसाय :

क) ( ख) (ग) (घ)

१२. सख्या :

१३. भौगोलिक उपयुक्तता: १.सडक २. विजुली ३.पानी भएको/नभएको :

जग्गाको स्वामित्व : आफ्नै भएको/नभएको

भौतिक पुर्वाधार १.भवन सख्या २. सवारी साधन सख्या ३.यन्त्र उपकरण
संख्या ..........भएको/नभएको

१३.१ घाँस विकास गरेको क्षेत्रफल : घाँसको किसिम

(क ) ख) ग)

१४. घास विकास गर्ने जग्गाको क्षेत्रफल

१५. विगत आ.ब.मा स्थानीय निकाय सरकारी तथा गैह्र सरकारी सघ सस्थाबाट अनुदान रकम लिएको/नलिएको

क) लिएको भए रु . कुन कार्यको लागी

ख) वित्तिय सस्थाबाट ऋण लिएको/नलिएको............

१६. आवेदकले हालसम्म पशुपालन क्षेत्रमा गरिएका उल्लेखनिय कार्यहरु

(क ) ख) ग) घ)

१७. बजारको अवस्था

१८. अनुगमन टोलीको राय

क)

ख)



सिद्धलेक गाउँपालिका

ग)

**आवेदकको :**

नाम :

पद :

दस्तखत :

**फिल्ड अनुगमन कर्ताको**

नाम :

पद :

दस्तखत :

**फिल्ड अनुगमन कार्ताको :**

नाम :

पद :

दस्तखत :

**फिल्ड अनुगमन कर्ताको**

नाम :

पद :

दस्तखत :

**फिल्ड अनुगमन कार्ताको :**

नाम :

पद :

दस्तखत :

**फिल्ड अनुगमन कर्ताको**

नाम :

पद :

दस्तखत :

सिद्धलेक गाँउपालिका